रहेको कर्जाको लगानी गरी दायित्वको सिर्जना गरेर मौद्रिक क्षेत्रमा उपयुक्त प्रतिफल प्राप्त गर्ने अवसरका कारण बैंक तथा वित्तीय संस्थाहरू सक्रिय रहन्छन् । जसबाट राष्ट्रको आर्थिक समृद्धिका लागि पनि महत्वपूर्ण सहयोग पुग्दछ ।

**१५. अन्य कार्यहरू**

बहुमूल्य सामानहरू सुरक्षित राख्नका लागि लकर व्यवस्था गर्ने, आवश्यक वित्तीय सूचनाहरू संकलन गर्ने र प्रकाशन गर्ने, विनिमयपत्र (Bill of exchange) खरिद गर्ने बिक्री गर्ने, बैंकको खातामा भएको रकमले नपुगेको बेलामा आपसी सम्झौताअनुसार बैंक ओभरड्राफ्टको सुविधा प्रदान गर्ने लगायतका विभिन्न कार्यहरू पनि वाणिज्य बैंकहरूले गर्दछन् ।

## (१४) नेपालको बैंकिङ बिकासमा राष्ट्रिय बाणिज्य बैंकको भुमिका (Role of RBB in Banking Development of Nepal)

### बैंक स्थापनाका लागि प्रारम्भिक प्रयास

सर्वसाधारण नेपाली जनताको आर्थिक हित कायम राख्न, देश र जनतालाई आर्थिक सुविधा सुलभ गराउन, पूर्ण सरकारी स्वामित्वमा एक वाणिज्य बैंक स्थापना गर्ने निर्णयमा तत्कालीन सरोकारवाला नेतृत्ववर्ग पुगेपछि अर्थ मन्त्रालयका तत्कालीन उपसचिव श्री उदयमान श्रेष्ठको अध्यक्षतामा वि.सं. २०२१ साल जेठ २६ गते श्री युधिरशमशेर थापा र प्रो. श्री ईश्वरीलाल श्रेष्ठ (त्रि.वि.) सदस्य रहेको र श्री पुण्यकेशरी उपाध्याय सदस्य-सचिव रहेको राष्ट्रिय वाणिज्य बैंक, प्रारम्भिक गठन समिति गठन भएको थियो । बैंक स्थापनाको कार्य सम्पादनार्थ नेपाल राष्ट्र बैंकका तत्कालीन द्वितीय गभर्नर श्री लक्ष्मीनाथ गौतमको अध्यक्षतामा तत्कालीन अर्थ सचिव डा. श्री यादवप्रसाद पन्त सदस्य रहेको र श्री पुण्यकेशरी उपाध्याय सदस्य सचिव रहेको राष्ट्रिय वाणिज्य बैंक समन्वय समिति गठन पश्चात बैंक स्थापनार्थ माथि उल्लेखित दुवै समिति समेतको पहलमा नेपालमा वाणिज्य बैंक ऐन, २०२० अस्तित्वमा रहिरहेको भएपनि 'राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१' विशेष ऐनको रूपमा तर्जुमा गरी वि.सं. २०२२ साल वैशाख २० गते राष्ट्रिय वाणिज्य बैंकको सुव्यवस्थित सञ्चालन गर्न बैंकको प्रथम सञ्चालक समिति तपसिल बमोजिम गठन भएको थियो ।

१. अध्यक्ष - डा. श्री यादवप्रसाद पन्त-सचिव, अर्थ मन्त्रालय ।
२. सदस्य - श्री कृष्णबम मल्ल - सचिव, कृषि, खाद्य तथा भूमिसुधार मन्त्रालय ।
३. सदस्य - श्री त्रैलोक्यमान श्रेष्ठ - सहसचिव, आर्थिक योजना मन्त्रालय ।
४. सदस्य - श्री विश्वनाथ उपाध्याय - उपसचिव, कानुन मन्त्रालय ।
५. सदस्य - प्रो. श्री ईश्वरीलाल श्रेष्ठ - त्रिभुवन विश्वविद्यालय ।
६. सदस्य - श्री खेमरञ्जन बराल - रिसर्च अफिसर, नेपाल राष्ट्र बैंक ।
७. सदस्य - श्री दामोदयाल दुवाडी - रिसर्च अफिसर, नेपाल राष्ट्र बैंक ।

Question Bank Nepal


नेपालमा सार्वजनिक प्रतिष्ठानहरू आधुनिक संगठित प्रयासस्वरुप स्थापना गरिने क्रममा खासगरी वित्तीय संस्थाहरू नेपाल बैंक लिमिटेड, नेपाल राष्ट्र बैंक र नेपाल औद्योगिक विकास निगमको स्थापनापछि चौथो वित्तीय संस्थाको रूपमा राष्ट्रिय वाणिज्य बैंकको स्थापना 'सर्वसाधारण जनताको आर्थिक हित कायम राख्ने, देश र जनतालाई आर्थिक सुविधा सुलभ गराउने, उद्योग, व्यापार तथा वाणिज्यलाई ऋण सुलभ गराउने उद्देश्यले वि.सं. २०२२ साल माघ १० गते स्थापित पूर्ण सरकारी स्वामित्वको एक व्यवसायिक वाणिज्य बैंक हो । त्यतिबेला यो बैंक स्थापना गरिंदा संयुक्त राज्य अमेरिकामा प्रति ९ सय व्यक्तिका लागि एउटा बैंक, छिमेकी मित्रराष्ट्र भारतमा प्रति ७५ हजार व्यक्तिका लागि एउटा बैंक र नेपालमा प्रति २ लाख ५० हजार व्यक्तिका लागि एउटा बैंक सुविधा उपलब्ध थियो । तत्कालीन परिवेशमा देशका विभिन्न भागहरूमा बैंकिङ सेवाको बढिरहेको मागलाई सम्बोधन गर्ने क्रममा नेपाल राष्ट्र बैंकका तत्कालीन द्वितीय गभर्नर श्री लक्ष्मीनाथ गौतमले स्थापित भई सञ्चालनमा आइसकेको नेपाल बैंक लिमिटेडको बैंक व्यवस्थापन नेतृत्व वर्गलाई विभिन्न स्थानमा शाखा खोल्न दिएको निर्देशनलाई नेपाल बैंक लिमिटेडको तत्कालीन बैंक व्यवस्थापन नेतृत्व वर्गले व्यवसायिक नाफा आर्जनको हिसावले मात्र शाखा खोल्न सकिने अन्यथा त्यसो गर्न नसकिने प्रकारको व्यवस्थापकीय जवाफ तत्कालीन नेपाल राष्ट्र बैंक, नेतृत्व वर्गलाई दिनुले पनि राष्ट्रिय वाणिज्य बैंकको स्थापनाको लागि एउटा आधार निर्माण गरिदिएको देखिन्छ । यस तथ्यसमेतको आधारमा राष्ट्रिय वाणिज्य बैंक स्थापना गरिनुमा तत्कालीन देशीय परिवेशमा देशका विभिन्न भागहरूमा बढ्दै गएको बैंकिङ सेवाको मागलाई धान्न नेपाल बैंक लिमिटेडका शाखा, प्रशाखा, उपशाखा मात्र पर्याप्त नहुने, आमजनतासँग छरिएर रहेको रुपैयाँ एकत्रित गर्ने र आवश्यकताका क्षेत्रमा लगानी गर्ने, विभिन्न पहाडी जिल्लामा शाखाहरू खोली बैंकिङ सेवा प्रवाह गर्ने, नेपाल राष्ट्र बैंकका शाखा, उपशाखा हस्तान्तरण गरी लिने, सरकारी कोष प्रशासनको काम नेपाल राष्ट्र बैंकको एजेन्टको रूपमा सञ्चालन गर्ने, देशमा व्यापक रूपले पहाडी क्षेत्रमा समेत बैंकिङ सुविधा उपलब्ध गराउने, आमजनताको बैंकिङ व्यवस्थामाथि आस्था जगाई बैंकसम्बन्धी कारोबार गर्ने बानी विकास गर्ने, सरकारी क्षेत्रमा नै एउटा व्यवसायिक वाणिज्य बैंक स्थापना गरिनुपर्ने र अन्ततः 'नेपाल राष्ट्र बैंक ऐन, २०१२' द्वारा निर्दिष्ट उद्देश्यहरूलाई हासिल गरिनुपर्ने वास्तविक एवं कठोर सत्य जस्ता कारणहरूलाई ग्रहण गरेको देखिन्छ ।

Question Bank Nepal

## राष्ट्रिय वाणिज्य बैंकको सांगठनिक संरचना

नेपालमा त्यतिखेर विद्यमान 'वाणिज्य बैंक ऐन, २०२०' अस्तित्वमा रही क्रियाशील हुँदा हुँदै विशेष ऐन (Special charter) 'राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१' द्वारा स्थापित राष्ट्रिय वाणिज्य बैंकको सांगठनिक संरचना राष्ट्रिय सीमाभन्दा बाहिरसम्म अन्तर्राष्ट्रिय जगतमा समेत पुऱ्याउने लक्ष्य राखिएको पाइन्छ । यस तथ्यलाई ऐनको दफा ५ (२) मा

'श्री ५ को सरकारको स्वीकृति र राष्ट्र बैंकको सल्लाह लिई बैंकले नेपाल अधिराज्यभित्र वा बाहिर जहाँसुकै पनि आफ्नो शाखा वा प्रशाखा स्थापित गर्न सक्नेछ' भन्ने बन्दोवस्तले प्रमाणित गरेको देखिन्छ । यसरी राष्ट्रिय सीमा बाहिर अन्तर्राष्ट्रिय जगतमा समेत आफ्नो सांगठनिक कार्यजालो (Network) पुऱ्याउने लक्ष्य राखेको बैंकको आजसम्ममा अन्तर्राष्ट्रिय कुनै शाखा वा प्रशाखा कार्यालय स्थापित नभए पनि वर्तमानमा यसको मूलभूत सांगठनिक संरचनाको रुपरेखा यसप्रकार रहेको छ ।




Question Bank Nepal


यस प्रकार राष्ट्रिय वाणिज्य बैंकको संगठनात्मक स्वरूपमा सर्वोच्च निकाय सञ्चालक समिति मातहत केन्द्रीय कार्यालयमा प्रमुख कार्यकारी अधिकृत, प्रमुख कार्यकारी अधिकृत मातहत नायव प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत मातहत नायब महाप्रबन्धकहरू, नायब महाप्रबन्धकहरू मातहत विभिन्न विभागहरू रहेका

छन् । माथी उल्लेख गरिएझैं कार्य विभाजन अनुरुपका विभाग वा समग्र केन्द्रीय कार्यालय मातहत विभिन्न पाँच वटा क्षेत्रीय कार्यालयहरू र ति मातहत शाखा कार्यालयहरू स्थापित छन् । हाल बैंकको केन्द्रीय कार्यालयमा निम्न विभागहरू रहेका छन् :

१. मानव संशाधन विभाग
२. वित्त विभाग
३. अन्तरशाखा हिसाब मिलान विभाग
४. कर्जा असुली तथा पुनर्संरचना विभाग
५. ट्रेजरी विभाग
६. आन्तरिक लेखापरीक्षण विभाग
७. सम्पत्ति व्यवस्थापन विभाग
८. ब्रान्च अपरेशन विभाग
९. सामान्य सेवा विभाग
१०. तालिम तथा विकास विभाग
११. कानुन विभाग
१२. सूचना प्रविधि विभाग
१३. मार्केटिङ तथा अनुसन्धान विभाग
१४. कृषि तथा सामाजिक बैंकिङ विभाग
१५. संस्थागत तथा साना मझौला कर्जा विभाग
१६. व्यवस्थापन सूचना प्रणाली तथा बजेट विभाग
१७. पूर्वाधार तथा सहवित्तीयकरण कर्जा विभाग
१८. कार्ड पेमेन्ट तथा सेटलमेन्ट विभाग
१९. जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभाग


क्षेत्रीय कार्यालय र ती मातहत रहेका शाखा कार्यालयहरूको सांगठनिक संरचना यसप्रकार रहेको पाइन्छ ।

**रा.वा. बैंकका क्षेत्रीय कार्यालयहरूको सांगठनिक संरचना**




Question Bank Nepal

### रा.वा. बैंकका शाखा कार्यालयहरूको सांगठनिक संरचना




### बैंकिङ विकासमा राष्ट्रिय वाणिज्य बैंकको भूमिका

१. **बैंकिङ व्यवहारको विकासमा योगदान** : राष्ट्रिय वाणिज्य बैंकको स्थापनापूर्व नेपालमा एकमात्र वाणिज्य बैंक नेपाल बैंक लि. रहेको थियो । राष्ट्रिय वाणिज्य बैंकको स्थापनाकालमा नेपाल बैंक लिमिटेडका जम्मा ३५ वटा शाखा कार्यालय मात्र मुलुकमा थिए । यो बैंक स्थापनापश्चात् मुलुकका ७५ वटा जिल्लाहरूमध्ये ताप्लेजुङ्ग, तेह्रथुम, रसुवा, मनाङ्ग, मुस्ताङ, डोल्पा र जाजरकोट बाहेकका ६८ जिल्लामा २१२/२१४ वटा सम्म शाखा कार्यालयहरू सञ्चालन भएका थिए । यसको व्यावसायिक सबलताका लागि यी शाखाहरूको पुनर्संरचना र समायोजन गरी हाल १४० वटा शाखाहरू कायम भएका छन् । आर्थिक वर्ष २०६९/७० भित्रमा थप १० वटा शाखाहरू स्थापना गरी सञ्चालन गर्ने बैंकको कार्यक्रम रहेको छ । यी शाखाहरूमार्फत मुलुकभरका जनतालाई बैंक के हो र बैंकिङ व्यवसाय कसरी गर्ने भन्ने जानकारी तथा चेतनाको विकास गरी बैंकिङ व्यवसायउपर आस्था एवं विश्वास सिर्जना गर्नमा राष्ट्रिय वाणिज्य बैंकको भूमिका अग्रणी रहेको छ ।

२. **बैंकिङको देशव्यापी सञ्जाल निर्माण** : नेपालको बैंकिङ बजारमा वाणिज्य बैंकहरूको संख्या ३२ पुगेको भएता पनि यस बैंकको जति शाखा कार्यालयहरू अरु कुनै वाणिज्य बैंकहरूको छैन । यस बैंकको सञ्जाल हाल कायम रहेका ६३ जिल्लाका १६५ शाखाहरूवाट नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकले जग हालेको नेपालको बैंकिङ व्यवसायमा २०७२ चैत्र सम्ममा वाणिज्य बैंकहरूको शाखा संख्या १८०६, विकास बैंकका शाखा संख्या ८५६ र वित्त कम्पनीका शाखा संख्या २०२ गरी कूल शाखा संख्या २८६४ पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरूको संख्या यति पुग्नुमा यस बैंकको पनि भूमिका रहेको छ ।

Question Bank Nepal

३. **राष्ट्रिय विकासका लागि पूँजी निर्माणको अवसरको सिर्जना** : देशव्यापीक कार्यसञ्जाल विस्तार मार्फत सुदूर ग्रामीण इलाकासम्मका जनताहरूको ससानो बचत रकमलाई एकत्रित गरी जहाँ पूँजीको आवश्यकता छ त्यहाँ लगानी मार्फत राष्ट्रिय विकासको लागि भरपुर योगदान पुऱ्याएको छ । सर्वसाधारणले आफ्नो बचतमा व्याज प्राप्त गर्ने र चाहेको बखत आफ्नो बचत प्रयोग गर्न पाउने अवसरको सिर्जना गरी बैंकले लघु उद्यमशीलता प्रवर्द्धनमा उल्लेख्य योगदान गरेको छ ।

४. **व्यवसाय स्थापना गर्ने वातावरणको निर्माण** : बैंकको महत्वपूर्ण काम जनतालाई आर्थिक रुपमा सक्रिय गराउने हो । स्थानीय तहमा उपलब्ध साधन स्रोतहरूको उपयोग गर्दै उत्पादनमूलक घरेलु तथा साना उद्योग देखि लिएर मझौला तथा ठूला उद्योगहरूको स्थापनाका निमित्त यस बैंकले वातावरण निर्माण गरिदिएको छ । जुन तहका उद्योग धन्दाहरू स्थापना भएपनि तिनमा स्थानीय तहमा रोजगारी सिर्जना गर्ने, बचत गर्ने बानिको विकास गर्ने, उद्यमशीलता विकास गर्ने जस्ता कामहरूमा बैंकको भूमिका अत्यन्तै सह्राहनीय रहेको छ ।

५. **बैंकिङ जनशक्ति विकास एवं आपूर्ति** : पहिले स्थापना भएका बैंकहरूमा काम गरेका जनशक्ति अन्य बैंक तथा वित्तीय संस्थाहरूमा काम गर्न जाने, कतिपयले अन्य बैंक तथा वित्तीय संस्थाहरू खोल्ने र सञ्चालन गर्ने तथा यस्ता बैंकहरूको नेतृत्व तहमा रहेर कार्य समेत गरेका छन् । यसर्थमा यस बैंकमा कार्यरत रहेका जनशक्ति मुलुकमा रहेका अन्य वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघु वित्त विकास बैंक, ग्रामीण विकास बैंक र सहकारी संस्था समेतमा संलग्न भएकाले बैंकिङ जनशक्ति विकास र आपूर्तिमा यस बैंकको योगदान उच्च रहेको देखिन्छ ।

६. **बैंक तथा वित्तीय संस्था स्थापना** : वर्तमान बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले कुनै बैंक तथा वित्तीय संस्था कुनै अर्को बैंक तथा वित्तीय संस्थाको जननी हुन नसक्ने प्रष्ट व्यवस्था गरेको भएता पनि तत्कालीन अवस्थामा यस बैंकको अगुवाइ समेतमा तत्कालीन इन्डोस्वेज बैंक लि., ग्रामीण विकास बैंकहरू, एनआइडीसी क्यापिटल मार्केट्स लि., नेपाल आवास तथा वित्त कम्पनी लि., एल्पिक एभरेष्ट फाइनान्स लि., नेको इन्स्युरेन्स, नेसनल लाइफ तथा जनरल इन्स्योरेन्स कम्पनी जस्ता संस्थाहरू स्थापना गर्न पूँजी लगानी गरेको छ ।

७. **रकम स्थानान्तरण सेवा प्रवाह** : देशभित्र एक स्थानबाट अर्को स्थानमा र बाहिर एक स्थानबाट अर्को स्थानमा रकम स्थानान्तरण कार्य मार्फत सर्वसाधारण सबैलाई यस बैंकले प्रभावकारी सेवा प्रवाह गरी बैंकिङ विकासमा योगदान गरेको छ ।

८. **आयात निर्यात व्यापारमा सहजीकरण** : बैंकको सहयोग विना अन्तर्राष्ट्रिय व्यापारिक कारोवार गर्न अत्यन्त कठिन हुन्छ । सरल र सहज रुपमा कारोवार सञ्चालन गर्न गराउन बैंकले महत्वपूर्ण माध्यमको रुपमा कार्य गर्दछ । यसका लागि प्रतितपत्र, बैंक ग्यारेन्टी जस्ता वित्तीय उपकरणको उपयोग गरिन्छ । राष्ट्रिय

Question Bank Nepal

वाणिज्य बैंकले पनि नेपालको अन्तर्राष्ट्रिय व्यापारमा यी उपकरणहरू मार्फत सहजीकरण गर्दै आइरहेको छ ।

९. **सरकारी कोष प्रशासन सञ्चालन** : नेपाल राष्ट्र बैंकले सरकारको बैंकको रुपमा कार्य गर्ने गर्दछ । राष्ट्र बैंकले गर्ने काम यसको देशव्यापी नेटवर्क नभएको कारण मुलत: नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक मार्फत हुने गरेको छ । सरकारको आर्थिक प्रशासन सञ्चालनका सिलसीलमा राजश्वको प्राप्ति, प्रतिवेदन, कोषको निकासा र खर्च तथा सोधभर्ना गर्ने कार्यमा राष्ट्रिय वाणिज्य बैंकले कार्य गरिरहेको छ ।

१०. **विदेशी विनिमय कारोवार** : विदेशी विनियमको कारोवार बैंकिङको एक अपरिहार्य र अनिवार्य तत्व हो । यस कारोवारमार्फत वैदेशिक मुद्राको खरिद तथा विक्री गर्ने कार्यमा राष्ट्रिय वाणिज्य बैंकको संलग्नता स्थापनाकालदेखि नै रही आएको छ । यस मार्फत विदेशी विनिमय आवश्यक हुने स्वदेशी तथा विदेशी नागरिक एवं संस्था समेतलाई सहज बैंकिङ सेवा पुऱ्याई बैंकप्रतिको विश्वसनीयता प्रवर्द्धन गर्नमा यस बैंकको भूमिका महत्वपूर्ण रहको छ ।

११. **नेपाली मुद्राको प्रचलन** : यो बैंक स्थापनाका बखत नेपालमा भारतीय मुद्राको प्रचलन व्यापक थियो । यस बैंकले भारतीय मुद्राको प्रयोगलाई विस्थापन गरी आफ्ना शाखाहरू मार्फत नेपाली रुपैयाको प्रचलन गराउनमा ठूलो योगदान गरेको छ ।

१२. **बैंकिङ मार्फत गरिबी निवारणमा योगदान** : नेपालमा विपन्न वर्गको उत्थानका निमित्त यस बैंकको सहभागितामा प्राथमिकता क्षेत्र कर्जा कार्यक्रम, सघन बैंकिङ कार्यक्रम, अगुवा बैंकिङ कार्यक्रम, शिक्षित बेरोजगार कर्जा कार्यक्रम, महिला विकास कार्यक्रम, ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम, महिलाका लागि लघु ऋण परियोजना कार्यक्रम, गरिबसँग बैंकिङ कार्यक्रम जस्ता अनेकन कार्यक्रमहरू सञ्चालन भएका छन् । यसका माध्यमवाट गरिबी निवारणमा प्रत्यक्षत: योगदान पुगेको र बैंकिङ व्यवसायको विकासमा पनि योगदान पुगेको छ ।

१३. **ग्राहकमुखी आधुनिक बैंकिङ सेवा सुविधा प्रदान** : यस बैंकले विज्ञान र प्रविधि सँगै विकास भएका इन्टरनेट सञ्जालमा आधारित अनेकन अनलाईन सेवाहरू जस्तै: एटीएम सेवा, इ बैंकिङ सेवा, बील भुक्तानी सेवा, ब्रान्चलेस बैकिङ सेवा प्रवाह गरिरहेको छ । यसबाट आम नागरिकमा आधुनिक सेवा उपभोगको बानी व्यवहार विकास गर्नमा योगदान पुगेको र बैंकिङमा आधुनिकताको अभ्यास प्रवर्द्धन भएको छ ।

## (१५) नेपाल राष्ट्र बैंकको काम कर्तब्य र अधिकार (Functions of Nepl Rastra Bank)

केन्द्रीय बैंक देशको सबैभन्दा माथिल्लो बैंक हो । यसले देशको आर्थिक तथा मौद्रिक विकासमा महत्वपूर्ण योगदान गर्दछ । प्रत्येक देशको बैंकिङ पद्धतिमा एउटा केन्द्रीय



Question Bank Nepal

बैंकको स्थापना गरिएको हुन्छ। यो देशको सर्वोच्च मौद्रिक अधिकारी पनि हो। केन्द्रीय बैंकले देशको मौद्रिक नीति तथा बैंकिङ प्रणालीको व्यवस्थापन गर्दछ। देशको मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्नु/गराउनु केन्द्रीय बैंकको प्रमुख कार्य हो। वाणिज्य बैंकहरूको जस्तै नाफा आर्जन गर्ने यसको उद्देश्य रहेको हुदैन। यसले वाणिज्य बैंकहरूसँग सामान्य बैंक व्यवसायमा यसले प्रतिस्पर्धा गर्दैन। कुनै पनि देशमा एउटै मात्र केन्द्रीय बैंक हुन्छ। यस बैंकले सरकार तथा बैंकहरूको बैंकको रुपमा पनि कार्य गर्दछ। यसलाई नोट निस्कासन गर्ने अधिकारप्राप्त हुन्छ। अन्तिम ऋणदाताको रुपमा पनि यसले कार्य गर्दछ। वित्तीय पद्धतिको विश्वासकर्ता तथा आर्थिक विकास प्रवर्द्धकको रुपमा केन्द्रीय बैंकलाई लिइन्छ। नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंक हो।

वि.स. २०१३ साल पूर्व नेपाल बैंक लिमिटेड देशको एक मात्र वाणिज्य बैंक रहेको र मुद्रा व्यवस्थापनको लागि केन्द्रीय बैंकको स्थापना नभएको कारण देशमा बैंकिङ व्यवस्था तथा मुद्रा व्यवस्थापनले गति लिन नसक्नु स्वभाविक थियो। देशमा माग अनुसार नेपाली मुद्राको आपूर्ति हुन नसकेकोले मुलुकको अधिकांश क्षेत्रमा भारतीय मुद्राको चलनचल्ति बढी रहेबाट आम जनतामा ठूलो असुविधा उत्पन्न भएको र समग्र आर्थिक स्थितिलाई सन्तुलमा राख्न कठिनाई परिरहेको स्थितिमा सो समस्याको समाधान गर्दै सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न नेपाली नोट निस्कासनको सुप्रवन्ध गर्न, अधिराज्यभर नेपाली मुद्रा प्रचलनमा ल्याउन, नेपाली मुद्रा विनिमय दरमा स्थिरता कायम गर्न, विकासको निम्ति पूँजीलाई गतिशिल बनाई, राज्यको उद्योगधन्दालाई समेत प्रोत्साहित गर्न तथा नेपालमा बैंकिङ प्रणालीलाई नियमन गर्न देशमा केन्द्रीय बैंकको स्थापना गर्न नितान्त आवश्यक भएकोले २०१२ साल बैशाख २० गते नेपाल राष्ट्र बैंक ऐन ल्याई वि.सं. २०१३ साल बैशाख १४ गते नेपालको केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकको स्थापना गरियो। देशको तत्कालिन परिस्थिती अनुरुप आएको उपरोक्त ऐनमा भएको कानूनी व्यवस्थाले वर्तमान अवस्थाको बैंकिङ बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नियमन गर्न कठिनाई परेको सन्दर्भमा वि.सं. २०५८ सालमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी भयो।

## नेपाल राष्ट्रबैंकका उद्देश्यहरू

नेपाल राष्ट्रबैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,

(ख) बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व र आवश्यक तरलतालाई प्रवर्द्धन गर्ने,

(ग) सुरक्षित स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,

(घ) बैंकिङ तथा वित्तिय प्रणालीको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,



Question Bank Nepal

(ङ) नेपाल अधिराज्यको समग्र बैंकिङ तथा वित्तिय प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्ने ।

## राष्ट्र बैंकका परम्परागत कार्यहरू:

राष्ट्र बैङ्कका परम्परागत कार्यहरूलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ :

१. मुद्रा निस्काशन गर्नु,
२. सरकारी बैङ्कको रूपमा काम गर्नु,
३. बैङ्कहरूको बैङ्कको रूपमा काम गर्नु,
४. बैकिङ प्रणालीको विस्तार र विकाससम्वन्धी विभिन्न कार्य गर्नु,
५. साख नियन्त्रणको कार्य गर्नु,
६. विदेशी मुद्राको संरक्षण सम्वन्धी कार्य गर्नु,
७. अन्तिम सहयोगीको रूपमा काम गर्नु,
८. आर्थिक अनुसन्धान तथा सर्वेक्षण गर्नु,
९. उद्योग विकास सम्वन्धि कार्य गर्नु आदि ।

## नेपाल राष्ट्रबैङ्कको काम कर्तव्य र अधिकारहरू

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ अनुसार नेपाल राष्ट्र बैंकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बैंकको नोट तथा सिक्का निष्काशन गर्ने,
(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यन्वयन गर्ने गराउने,
(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने गराउने,
(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,
(ङ) विदेशी विनिमय संचितिको व्यवस्थापन र सञ्चालन गर्ने,
(च) वाणिज्य बैंङ्क तथा वित्तीय संस्थालाई बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,
(छ) नेपाल सरकारको बैंङ्कर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने,
(ज) वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाको बैङ्क तथा अन्तिम ऋणदाताको रूपमा कार्य गर्ने,
(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ्ग) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र
(ञ) यस ऐन बमोजिम बैङ्कको उद्देश्य हासिल गर्नको निमित्त बैंङ्कले गर्नु पर्ने अन्य आवश्यक कार्यहरू कार्यान्वयन गर्ने, गराउने ।

Question Bank Nepal

नेपाल राष्ट्रबैंकका कार्यहरूलाई विषयगत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ

१. **नोट निष्कासन गर्नुः** देशको केन्द्रीय बैंक भएको नाताले नोट निष्कासनको एकाधिकार यस बैंकलाई छ। राष्ट्र बैंकको स्थापना पूर्व नेपाल सरकारअन्तर्गत नै सदर मुलुकी खाना नामक अड्डाले यो कार्य वि.सं. २००२ सालदेखि गर्दै आएको थियो। यस बैंकको नोट विभागले नोट निष्कासनको कार्य गर्दछ भने टक्सार विभागले टकमरी गर्ने गर्दछ। नेपाल राष्ट्र बैंकले समानुपातिक संचय प्रणाली अनुसार नोट निष्कासन गर्दछ। राष्ट्र बैंकले आफूले छापेको मुद्राको भुक्तानी दिन नसकेमा नेपाल सरकार जवाफदेही हुन्छ। तसर्थ यस बैंकले निष्कासित नोटको सुरक्षण वापत ५० प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी सुरक्षण पत्र र विनिमय पत्रहरूमा र बाँकी ५० प्रतिशत नेपाल सिक्का र सुरक्षण पत्रहरूमा राख्दछ।

२. **सरकारी बैंकको रूपमा कार्य गर्ने :** नेपाल राष्ट्र बैंकले नेपाल सरकारको सम्पूर्ण आम्दानी रकम विना ब्याज सरकारी खाता खोली जम्मा गर्नुको साथै सरकारको आदेशानुसार भुक्तानी दिने कार्य गर्दछ। एक ठाउँबाट अर्को ठाउँमा रकमान्तर गर्नुका साथै सम्पूर्ण सरकारी विभाग, कार्यालय र संघ-संस्थाहरूको खाता सञ्चालन गर्दछ। यस बैंकले सम्पूर्ण सरकारी कारोबारको अभिलेख राख्ने, आर्थिक तथ्याङ्क र सूचना उपलब्ध गराउने, नेपाल सरकारको मौद्रिक एवं वित्तीय नीतिको सञ्चालकको रूपमा कार्य गर्ने, नेपाल सरकारले मञ्जुर गरेको शर्तमा राष्ट्र ऋण उठाउने, सरकारको आर्थिक सल्लाहकारको रूपमा कार्य गर्ने, सरकारको वारिसका रूपमा सरकारी सुरक्षणपत्रको किनबेच गर्ने, विदेशमा भुक्तानी पठाउने, सरकारको तर्फबाट हिसाब फर्छ्यौट आदि कार्यहरू सरकारी बैंकको रूपमा गर्दछ।

३. **बैंकहरूको बैंकको रूपमा कार्य गर्नुः** सर्वसाधारण जनताले अन्य बैंकहरूसँग कारोबार गरे जस्तै ती बैंकहरूले राष्ट्र बैंकसँग कारोबार गर्दछन्। जस्तो कि नगद मौज्दात वढी भएको खण्डमा वाणिज्य बैंकहरूले राष्ट्र बैंकमा आफ्नो खातामा रकम जम्मा गर्दछन् र आवश्यकतानुसार उक्त खाताबाट रकम झिक्दछन्। राष्ट्र बैंकले तोकेअनुसार वाणिज्य बैंकहरूले आफ्नो कुल निक्षेप दायित्वको १ प्रतिशत नगद कोषको रूपमा जम्मा गर्नु पर्दछ। यसका साथै वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरूले कर्जा लगानी निक्षेपमा लिने दिने ब्याजदर बैंकले तोकिदिएबमोजिम हुने भएकोले पनि यसलाई बैंकहरूको बैंकका रूपमा लिइन्छ।

४. **बैंकिङ प्रणालीको विकास र विस्तार सम्बन्धी कार्यः** बैंकिङ प्रणालीको विकास र विस्तारका लागि अन्य बैंकलाई सल्लाह र सहयोग दिने कार्य यस बैंकले गर्छ। बैंकको सल्लाह मुताविक खोलिएका शाखाहरू घाटामा गएमा निश्चित समयसम्म नेपाल राष्ट्र बैंकले क्षतिपूर्ति दिने प्रावधान छ। नेपालमा बैंकिङ प्रणालीलाई विकसित र नियमित गराउन आवश्यक धितो वा जमानतमा वाणिज्य बैंक, कृषि



Question Bank Nepal

विकास बैंक तथा नेपाल औद्योगिक विकास निगमलाई कर्जा उपलब्ध गराउने समेतका कार्य गर्दछ ।

५. **साख नियन्त्रणको कार्य:** देशको केन्द्रीय बैंक भएको नाताले साख नियन्त्रण यसको प्रमुख कर्तव्य हो । बैंकिङ प्रणालीमा साखको अत्यन्त महत्त्वपूर्ण स्थान हुन्छ । तसर्थ अन्य बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्नो नियन्त्रणमा राख्दछ । साख नियन्त्रणका लागि वाणिज्य बैंकहरूबाट खातामा जम्मा हुन आउने निक्षेप मध्यबाट तोकिएको प्रतिशत नेपाल राष्ट्र बैंकले जिम्मा लिने गर्दछ । बैंकिङ व्यवसायलाई मुद्रास्फिति (Inflation), मुद्रा संकुचन (Deflation) को प्रभावबाट बचाउन बैंक दर नीति, खुल्ला बजारको नीति, कर्जा सीमा तोक्ने अथवा व्याज दर परिवर्तन आदि उपायद्वारा शाख नियन्त्रण गर्दछ ।

६. **विदेशी मुद्राको संरक्षणसम्बन्धी कार्य:** देश भित्र हुने सम्पूर्ण विदेशी मुद्राहरूको कारोवार नेपाल राष्ट्र बैंकको नियन्त्रणमा हुने गर्दछ । नेपाल राष्ट्र बैंक ऐन २०१२ ले विदेशी विनिमय सम्वन्धी एकाधिकार यस बैंकलाई प्रदान गरेको छ । नेपाल राष्ट्र बैंकको अनुमति विना कुनै पनि व्यक्ति वा संस्थाले विदेशी मुद्रा विनिमय सम्वन्धी कार्य गर्न पाउँदैन । विदेशी मुद्रा आर्जन गर्ने सम्पूर्ण व्यक्ति वा संस्थाले आफूले आर्जन गरेको विदेशी मुद्रा यस बैंकमा जम्मा गरी सटहीमा स्वदेशी मुद्रा भुक्तानी लिनु पर्दछ । त्यसै गरी वैदेशिक भुक्तानीका लागि विदेशी मुद्रा आवश्यक परेमा अवस्था हेरी बैंकले सटही सुविधा उपलब्ध गराउने व्यवस्था गर्दछ ।

७. **अन्तिम सहयोगी (Last Resort) को रूपमा कार्य गर्ने:** यहाँ अन्तिम सहयोगी भन्नाले देशमा रहेका अन्य बैंकहरूले ऋणको आवश्यकता पर्दा अन्य श्रोतबाट रकम उपलब्ध हुन नसकेमा त्यस्तो अवस्थामा राष्ट्र बैंकले ऋण प्रदान गर्दछ ।वाणिज्य बैंकहरूलाई लगानी गर्न आफूसंग भएको श्रोतले नभ्याउने भएमा यस प्रकारको ऋण आवश्यक पर्दछ र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूसंग भएको शेयर प्रमाणपत्र, ऋणपत्रहरूमा छूट दिएर तथा उनीहरूलाई अधिविकर्ष (Over Draft) को सुविधा दिएर आवश्यकता परेको वखत पुँजी उपलब्ध गराउने भएकोले यसलाई अन्तिम सहयोगी मानिएको हो ।

८. **आर्थिक अनुसन्धान तथा सर्वेक्षण:** देशको वित्तीय एवं मौद्रिक स्थितिको सर्वेक्षण, मूल्याङ्कन र विश्लेषणका लागि यस बैंकले समयसमयमा लागत, तथ्याङ्क वा आर्थिक विवरणहरू सङ्कलन गरी देशको शोधनान्तर स्थिति विदेशी व्यापार, विदेशी मुद्रा प्रदाय आदिवारे जानकारी गराउने कार्यहरू गर्दछ । यस बैंकले देशको उद्योग, कृषि व्यापार निकासी पैठारी आदि विषयमा सूक्ष्म अध्ययन गरी अर्थव्यवस्थाका विभिन्न पक्ष बारे सरकारलाई आवश्यक परामर्श दिने कार्य गर्दछ ।

९. **उद्योग विकाससम्बन्धी कार्य:** औद्योगिक विकासका लागि नेपाल सरकारलाई सार्वजनिक क्षेत्रका उद्योग धन्दाहरूको विकासका निमित्त कर्जा प्रदान गर्दछ । यस्तो कर्जा केवल जमानतका आधारमा प्रदान गर्दछ । यस अतिरिक्त विभिन्न औद्योगिक



Question Bank Nepal

परियोजनाहरूको परिचालन र विकासको निम्ति वाणिज्य एवं विकास बैंकहरू मार्फत पनि राष्ट्र बैंकले कर्जा उपलब्ध गराई आएको छ ।

१०. **बचत र पुँजीको परिचालन तथा सार्वजनिक वित्तको व्यवस्था:** यस बैंकले बचत र पूंजीको परिचालनका निम्ति आवश्यक व्यवस्था मिलाउँदछ र सार्वजनिक वित्त सङ्कलन गर्ने महत्त्वपूर्ण कार्य गर्दछ । देशमा छरपष्ट भएर रहेको पूंजीलाई बचतको रूपमा सङ्कलन गरी उत्पादक लगानीका निम्ति वाणिज्य बैंकहरूलाई निर्देशन दिन्छ । सार्वजनिक वित्तको व्यवस्थाका निम्ति नेपाल सरकारले जारी गरेको विकास ऋण पत्र, ट्रेजरी बिल, आदि बिक्री गर्दछ । त्यसरी जारी गरिएका प्रलेखहरू पूरा बिक्री नभएमा राष्ट्र बैंक आफैंले खरिद गरी सार्वजनिक वित्त संकलनमा ठूलो योगदान पुऱ्याउँदछ ।

११. **अन्य कार्यहरू:** उपर्युक्त बमोजिमका कार्यहरू बाहेक नेपाल राष्ट्र बैंकले देहाय बमोजिमका अन्य कार्यहरू समेत गर्दछ :

(क) देशका अन्य वाणिज्य र विकास बैंक मार्फत प्राथमिकता प्राप्त क्षेत्रहरूमा पुन:कर्जाको व्यवस्था गर्नु ।

(ख) बैंकिङ प्रथाको विकासका लागि प्रचार प्रसार तालिमको व्यवस्था गर्नु ।

(ग) बैंकहरूलाई अधिक वर्ष (Over Draft) को सुविधा प्रदान गर्नु ।

(घ) विनिमय बिलको पुन: भुक्तानी गर्नु ।

(ङ) ड्राफ्ट, आ.वा. र मेल ट्रान्सफरद्वारा सरकारी रकम एक ठाउँबाट अर्को ठाउँमा पठाउनु,

(च) अन्तर्राष्ट्रिय बैंकिङ संस्थानहरूमा आफ्नो कोषको व्यवस्था गर्नु ।

(छ) विकास ऋणपत्रको सावाँ-ब्याज भुक्तानी गर्नु । आदि ।

---

## (१६) International Organizations– I.M.F (International Monitery Fund). World Bank, A.D.B. (Asian Development Bank), I.F.C.(International Finance Corporation)

---

### विश्व बैंक

दोस्रो विश्व युद्ध पछिको पुनर्निर्माणमा केन्द्रित भई सन् १९४४ जुलाई १ देखि २२ सम्म भएको राष्ट्रसंघीय मौद्रिक तथा वित्त सम्मेलनबाट विश्व बैंक समूहका विभिन्न संगठनहरुको स्थापना भएको हो । सदस्य मुलुकहरुले सन् १९४४ डिसेम्बर २५ मा हस्ताक्षर गरेको सम्झौताबाट यसको औपचारिक स्थापना भएको हो । विश्व बैंक विभिन्न ५ वटा अन्तर्राष्टिय वित्तीय संस्थाहरूको समूह हो । यसमा निम्न संस्थाहरू संलग्न छन् :

Question Bank Nepal

(क) अन्तर्राष्ट्रिय पुन:निर्माण तथा विकास बैंक (International Bank for Reconstruction & Development: IBRD) स्थापना सन् १९४५,

(ख) अन्तर्राष्ट्रिय वित्त निगम (International Finance Corporation: IFC) स्थापना सन् १९५६,

(ग) अन्तर्राष्ट्रिय विकास सङ्गठन (International Development Association: IDA) स्थापना सन् १९६०

(घ) बहुपक्षीय लगानी प्रत्याभूति संस्था (Multilateral Investment Guarantee Agency: MIGA) स्थापना सन् १९८८

(ङ) लगानी विवाद व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय केन्द्र (International Centre for Settlement of Investment Disputes: ICSID)

विश्व बैंक समूहको साझा उद्देश्य दिगो आर्थिक वृद्धि र विकास प्रवर्द्धन गरी विकासोन्मुख राष्ट्रहरूलाई गरिबी घटाउन र मानव जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउनु रहेको छ ।

## विश्व बैंकका उद्देश्य

स्थापना- सम्झौतामा उल्लेख भएअनुसार बैंकको उद्देश्य निम्नानुसार छन् :

(क) सदस्य राष्ट्रका भू-भागभित्र हुने पुनर्निर्माण र विकासका लागि पुँजी लगानी सुगम बनाउनु ।

(ख) उत्पादनशील उद्देश्यका लागि प्रत्याभूति दिई वा प्रत्यक्ष सहभागी भई विदेशी निजी लगानी वा पुँजी लगानीलाई प्रवर्द्धन गर्नु,

(ग) निजी पुँजी अपर्याप्त भएका क्षेत्रमा आफ्नै स्रोतबाट वा बाहिरबाट स्रोत संकलन गरी उत्पादनशील उद्देश्यका लागि ऋण प्रदान गर्नु,

(घ) अन्तर्राष्ट्रिय व्यापारको दीर्घअवधिको संवर्द्धन गरी सदस्यमुलुकको शोधनान्तर अवस्था सन्तुलनका लागि अन्तर्राष्ट्रिय लगानीमा प्रोत्साहन र सदस्य मुलुकका उत्पादनशील स्रोतहरूको विकास गर्नु,

(ङ) युद्धको कारणले शिथिल भएको अन्तर्राष्ट्रिय लगानी र व्यापारिक अवस्था सुधार गर्न युद्धोत्तर समयलाई शान्तिकालीन समयमा रूपान्तरण गर्न उचित सहयोग गर्नु ।

## विश्व बैंक समूहको रणनीति

विश्व बैंक समूहले अवलम्बन गरेका रणनीतिहरू निम्नानुसार रहेका छन् :

१. गरिबीमाथी विजय पाउन र उत्साहजनक दिगो वृद्धि हासिल गर्न गरिब राष्ट्रलाई सहयोग गर्ने ।

२. द्वन्द्वबाट प्रभावित मुलुकहरूमा उत्पन्न विशेष आर्थिक चुनौतीलाई सम्बोधन गर्न सहयोगीको भूमिका निर्वाह गर्ने ।

३. मध्यम आय भएका देशलाई विकासमा प्रतिस्पर्धीको रूपमा विकास गर्न सहयोग गर्ने ।

Question Bank Nepal

४. वातावरणीय परिवर्तन, सरूवा रोग, व्यापार लगायतका विश्वव्यापी सार्वजनिक वस्तु (Global Public Goods) को अन्तर्राष्ट्रिय प्रभावबाट बच्ने क्षमता विकासमा सहयोगी भूमिका खेल्ने ।
५. अरब जगतमा विकास र अवसरका सिर्जनाका लागि सहयोगीको भूमिका खेल्ने ।
६. विकासलाई सहयोग गर्न ज्ञान हस्तान्तरण गर्ने ।

**बैंकको पूँजी**

स्थापनाको समयमा बैंकको अधिकृत पुँजी १० हजार मिलियन अमेरिकी डलर थियो । जसलाई १ लाख भागमा बाँडी प्रत्येक भागमा अमेरिकी डलर १ लाख बनाइएको थियो । जसमध्ये ९४०० मिलियन अमेरिकी डलर Subscribe गरिएको थियो । कुनै सदस्यले लिएको जम्मा Subscription लाई तीन भागमा बाँड्न सकिन्छ :

१. Subscription को दुई प्रतिशत सुन अथवा अमेरिकी डलरमा
२. Subscription को १८ प्रतिशत स्वदेशी मुद्रामा
३. Subscrioption को ८० प्रतिशत बैंकलाई आवश्यक परेको अवस्थामा सदस्यमुलुकले चुक्ता गर्नुपर्ने ।

बैंक स्थापनाको प्रबन्धपत्रको व्यवस्थाअनुसार, बैंकले प्रवाह गर्ने कर्जा Subscribed पुँजी र रिजर्भभन्दा बढी हुन नहुने भएकोले सदस्य मुलुकहरूका विकास आयोजनामा लगानी गर्न वा सापटी प्रदान गर्न बैंकको पुँजी आधार बढाउँदै लैजानुपर्ने हुन्छ । सन् १९९९ मा बैंकको अधिकृत पुँजी १९४ अरब अमेरिकी डलर पुऱ्याइएको थियो ।

**बैंकको सापटी (कर्जा) कार्यप्रणाली**

विश्व बैंकले सदस्य मुलुकहरूलाई ऋण प्रदान गर्दा तलका मध्ये कुनै तरिका अपनाउन सक्दछ :

(१) आफ्नै कोषबाट प्रत्यक्ष सहभागी भई ऋण प्रदान गरेर,
(२) अन्य बैंकबाट सापटी लिएर वा सदस्य मुलुकहरूको बजारमा बोन्ड बिक्री गरी स्रोत संकलन गरेर
(३) लगानी माध्यमबाट निजी लगानी कर्ताहरूको ऋण माथि पूरै भाग वा अंशमा प्रत्याभूति दिएर ।

कुनै परियोजनामा ऋण प्रवाह गर्नु वा प्रत्याभूति जाहेर गर्नुअघि बैंकले निम्नलिखित पक्षहरू हेर्दछ :

(क) ऋण माग गरिएको परियोजनाको सक्षम कमिटीद्वारा ध्यानपूर्वक विचार गरेर,
(ख) कर्जा भुक्तानीको उचित बाटो अन्वेषण गरेर,
(ग) ऋण उत्पादनशील प्रयोजनको लागि हो वा होइन भनी निर्क्योल गरेर ।

बैंकले सबै सदस्यमुलुकहरूलाई ऋण प्रदान गर्दैन र प्रत्याभूति पनि जारी गर्दैन । कम र मध्यम खालको आम्दानी भएको मुलुकले मात्र ऋण वा सहायता प्राप्त गर्दछ । विश्व



Question Bank Nepal

बैंक (IBRD) कोष प्राप्त गर्नका लागि सम्बन्धित देशको कुल राष्ट्रिय आय (प्रतिव्यक्ति आय) लाई आधार बनाइन्छ । विश्व बैंक र अन्तर्राष्ट्रिय विकास संस्था दुवैको कोष प्रयोग गर्नसक्ने देशहरूलाई तीन भागमा वर्गीकरण गरिएको छ । अमेरिकी डलर ७३५ डलरभन्दा बढी ५,११५ डलर सम्म आम्दानी भएका १५ देशहरूले विश्व बैंकको कोष प्रयोग गर्न सक्दछन । केही अपवादका रूपमा युक्रेन, चीन, फिलिपिन्स, पाराग्वे, मोरक्को आदि देशले विश्व बैंकको मात्र कोष प्राप्त गर्ने व्यवस्था गरिएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय विकास संस्थाको कोष मात्र प्रयोग गर्न अमेरिकी डलर १४१६-२९३५ सम्म भएका सदस्य राष्ट्रहरु र १४१५ डलरभन्दा कम आम्दानी भएका नेपाल लगायतका सदस्य राष्ट्रहरू यस वर्गीकरणमा पर्दछन् । अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त गर्ने सहयोगका लागि (क) सापेक्षिक गरिबी (ख) भुक्तानीको साखको अभाव भएको हुनुपर्ने आधारहरू तय गरिएको छ ।

## विश्व बैंकका प्रमुख अंग

(१) **गभर्नर परिषद् (Board of Governors):** गभर्नर परिषद् बैंकको सर्वोच्च अंग हो । प्रत्येक सदस्य मुलुकहरूले आ-आफ्ना तर्फबाट परिषद्मा एकजना गभर्नर र वैकल्पिक गभर्नरको नियुक्ति गर्दछन । गभर्नर र वैकल्पिक गभर्नरको कार्यवधि सामान्यत: ५ वर्षको हुन्छ । गभर्नर परिषद्को बैठक साधारणतया वर्षको एकपटक बस्दछ । बैंकको सम्पूर्ण अधिकार गभर्नर परिषद्मा निहित रहेको हुन्छ । परिषद्ले एकजना गभर्नरलाई अध्यक्ष (chairman) को रूपमा चयन गर्दछ । गभर्नर परिषद्ले बैंक संचालनसम्बन्धी नीति निर्धारण र कार्य संचालनसम्बन्धी सबै अधिकारहरूको प्रयोग गर्दछ । बैंकमा नयाँ सदस्यको प्रवेश, पुँजी घटाउने वा बढाउने, कुनै सदस्यको सदस्यता निलम्बन, अन्य अन्तर्राष्ट्रिय संगठनहरूसँग गरिने सहयोग व्यवस्थापन, बैंकको कार्य संचालन स्थायी रूपले निलम्बन गरेर सम्पत्ति बाँडफाँट, बैंकको खुद आम्दानी वितरण निर्धारण जस्ता कार्यबाहेकका अन्य कार्यहरू परिषद्ले कार्यकारी परिषद्लाई अधिकार प्रत्यायोजन गर्न सक्दछ ।

(२) **कार्यकारी परिषद् (Executive Board):** गभर्नर परिषद्को बैठक वर्षमा एकपटक मात्र बस्ने भएकोले बैंकको कार्यकारी परिषद्लाई बैंक संचालनसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको हुन्छ । बैंकमा रहेको कोटा संख्याको आधारमा बढी कोटा हुने संयुक्त राज्य अमेरिका १६.४१, फ्रान्स ४.९१, जर्मनी ४.४९, जापान ७.९८७ र बेलायत ४.३१ का एक एकजना कार्यकारी निर्देशक ५ जना र कोटा संख्या कम भएका देशहरूको आ-आफ्ना मतदाता समूहरूबाट १९ जना गरी २४ जना कार्यकारी निर्देशक रहेको एक कार्यकारी परिषद् गठन हुन्छ । प्रत्येक मतदाता समूहहरूबाट कार्यकारी निर्देशकहरू २ वर्षका लागि छनौट गरिन्छन् । कार्यकारी परिषद् र बैंकका अध्यक्षले बैंकको दैनिक कार्य संचालन गर्दछन् ।

कार्यकारी परिषद्को अध्यक्षता बैंकको अध्यक्षद्वारा गरिन्छ । बैंकले प्रदान गर्ने ऋण सहायता एवं प्रत्याभूति जारी गर्ने निर्णय कार्यकारी परिषद्ले गर्दछ । परिषद्को बैठक हप्तामा एकपटक बस्दछ । परिषदमा विभिन्न उद्देश्यका लागि लेखापरीक्षण, बजेट



Question Bank Nepal